नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मझौरी, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

आ.व.२०७९/०८० को नदिजन्य पदार्थको संकलन तथा बिक्री वितरणको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९/०५/०१

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ११ को उपदफा २ को खण्ड थ को उपखण्ड ६ मा व्यवस्था भए बमोजिम यस नलगाड नगरपालिकाको क्षेत्र भित्र पर्ने भेरी र नलगाड नदीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार ढुंगा, गिट्टी, बालुवा, गेग्रा तथा नदीजन्य पदार्थको संकलन, बिक्री वितरण (खानी क्षेत्र बाहेक) कार्यको ठेक्का गर्नुपर्ने भएकोले देहाय बमोजिमका नदीहरूको सिफारिस घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी नलगाड नगरपालिकाको आर्थिक ऐन २०७९ को अनुसूची ११ को दफा १२ मा उल्लेखित प्रति इकाइ दररेटमा बिक्री गर्ने गरी बोलपत्रको माध्यमबाट इच्छुक बोलपत्र आव्हान गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित तपसिल बमोजिमको शर्तहरूको अधिनमा रही उक्त बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	ठेक्का नं	बोलपत्रको नाम	अधिकतम संकलन तथा बिक्री वितरण परिमाण (घ.मि.)	न्यूनतम ठेक्का अंक रु.(मु.अ.कर बाहेक)	धरौटी रकम	बोलपत्र दस्तुर
१	NM/NCB/WORKS/079/80-01	भेरि र नलगाड नदि क्षेत्रको नदिजन्य पदार्थ संकलन तथा बिक्री वितरण कार्य	१३६७०.३८	३१०७६६४.०१	कबुल रकमको ३ प्रतिशत	३०००

शर्तहरु :

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत NIC Bank शाखा खलंगा, जाजरकोटमा रहेको यस कार्यालयको नाममा रहेको आन्तरिक राजस्व खाता नं 23520500291820002 मा नगद जम्मा गरेको भौचरसाथ मिति २०७९/०५/२१ गते दिनको १२:०० बजे सम्म विद्युतीय माध्यम बाट बोलपत्र पेश गर्न बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको https://bolpatra.gov.np/egp/ बाट बोलपत्र सम्बन्धी कागजातहरू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धि कागजात साथ संलग्न गर्नुपर्नेछ।

२. राष्ट्रियस्तरको खुला बोलपत्र साथ जमानत धरौटी (बिडबन्ड) बापत आफूले कबोल गरेको अंकको ३ (तीन) प्रतिशत रकम हुन आउने धरौटी रकम कम्तिमा ९० दिनको म्याद रहेको NIC Asia Bank नलगाड नगरपालिकाको कार्यालयको नाममा रहेको धरौटी खाता नं NSCA0522395524020 मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी म्याद भएको सक्कल बिडबण्ड बोलपत्र साथ पेश गर्नुपर्नेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

४. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिन २०७९/०५/२१ गते दिनको १:०० बजे कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा उल्लेखित कार्यक्रम बिदा पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. राष्ट्रियस्तरको खुला बोलपत्रमा कुनै त्रुटि हुन गएमा त्रुटि सुधार तथा संशोधन गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ। कुनै वा सबै राष्ट्रियस्तरको खुला बोलपत्र,पूरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

६. ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फारममा उल्लेख गरिएको हुदा थप जानकारी पुस्तिकाबाट अवगत गर्ने वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

७. तोकिएको म्यादभित्र पछि उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ।

८. उल्लेखित ठेक्काको अवधि २०७९ सालको सम्झौता मिति देखि २०८० सालको जेष्ठ मसान्त सम्म हुनेछ र सो अवधि पश्चात सो प्रमाणित गरिने छैन।

९. यस नगरपालिकाको नदि तथा खोलाहरूको संकलन क्षेत्र र संकलन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११ को (१), ख (२), र थ (६) मा भएको व्यवस्था,यस सम्बन्धि प्रचलित ऐन नियम, नदिजन्य निर्माण सामाग्रीहरुको उत्खनन सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाइने छैन। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछ।

१०. राष्ट्रियस्तरको खुला बोलपत्र स्विकृत भएमा सो को सूचना पाएको वा कार्यालयमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र सहित लिई कबोल अंकको पुरै रकम यस कार्यालयको माथि उल्लेखित आन्तरिक राजस्व खातामा अनिवार्य जम्मा गर्नुपर्नेछ। साथै ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक मैथ मूल्य बापत जम्मा हुन आउने रकमको नियमानुसार थप १३% भ्याट समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। उक्त जम्मा भएको सक्कल भौचर कार्यालयमा दाखिला भएपछि मात्र कार्यादेश पत्र दिइनेछ।

प्रमुख प्रशासकीय अधिकृत